जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं :- १३/२०७८/०७९,

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष : ३ | अंक : ०६२ | २०८० साल, कार्तिक १० गते शुक्रबार | Friday 27 October, 2023 | पृष्ठ : ४ | मूल्य रु. ५/-

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
कलैया , बारा

## साझेदारीमा कार्यक्रम संचालन सम्बन्धी सिलबन्दी प्रस्ताव आह्वानको सूचना
(दोस्रोपटक प्रकाशित मितिः २०८०।०७।१०)

यस विज्ञ केन्द्र को आ.व.२०८०।०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलका कार्यक्रमहरु संचालनका लागी नयाँ दुध संकलन तथा चिस्यान केन्द्र स्थापनाको लागी अनुदान सहयोग कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि २०७९ र करारमा घाँसको बेर्ना/बिउ/सेट्स उत्पादन कार्यक्रमको प्रविधिक मापदण्ड तथा संचालन विधि २०७९ ले तोके बमोजिमको शर्तहरु पालना गरी ५० प्रतिशतको लागत साझेदारीमा कार्यक्रम संचालन गर्न ईच्छुक आवेदकहरुले देहाय बमोजिमको कागजातहरु समेत यो सुचना प्रकाशन भएको मितिले ७ रुदिन (मिति २०८०।०७।१६गते) कार्यालय समय भित्र सिलबन्दी प्रस्ताव/आवेदन दर्ता गराउनुहुन अहवान गरिन्छ।रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटको लागी समावेश हुन नसकने व्यहोरा यसै सुचना द्वारा जानकारी गराईन्छ। निवेदनहरु पर्याप्त दर्ता नभएको हुदा थप ७ दिनको लागी सुचना प्रकाशन गरिएको छ।

तपसिल :

| क.स. | कार्यक्रमको नाम | ईकाई | परिमाण | प्रति कार्यक्रम अधिकत्तम अनुदान रकम रु. | साझेदारी अनुदानग्रहीको लागत प्रतिशत |
|---|---|---|---|---|---|
| १. | नयाँ दुध संकलन तथा चिस्यान केन्द्र स्थापना सहयोग कार्यक्रम | संख्या | ४ | ५ लाख | ५० प्रतिशत |
| २. | करारमा घाँसको बेर्ना/बीउ/सेट्स उत्पादन कार्यक्रम | संख्या | ५ | १ लाख | ५० प्रतिशत |


संलग्न गर्नु पर्ने कागजातहरुः
नया दुध संकलन तथा चिस्यान केन्द्र स्थापना अनुदान सहयोग कार्यक्रमको लागी
- डेरी व्यबसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि
- कृषक परिचय पत्रको प्रतिलिपि

आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरुः
१) रु.१० को हुलाक टिकट टाँसेको फाराम नं. ६ अनुसारको प्रस्ताव/आवेदन,
२) आवेदकको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि
३) व्यवसायिक फार्म दर्ता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण-प्रत्रको प्रतिलिपि,
४) शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपिहरु तथा पशुपंक्षी सम्बन्धी तालिमका प्रतिलिपिहरु
५) फा.नं. ६ र घ अनुसारको संक्षिप्त कार्ययोजना,
६) जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपूर्जाको समेत करार पत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तिमा ५ वर्ष अवधिको)
७) लागत प्रतिवद्धता (स्वघोषना) र अन्य आवश्यक कागजातहरु,
८) करारमा घाँसको वेर्ना/वीउ/सेट्स उत्पादन कार्यक्रमको लागिआवश्यक थप कागजातहरुः
८.१) कृषक समुह/समिति/सहकारी/व्यवसायीक फार्मले सम्वन्धित निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि,
८.२) कृषक समुह/कृषि सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिवद्धता (बैठक) निर्णयको प्रतिलिपि,
(पुनश्चयः निवेदन/प्रस्तावको ढाँचा यस कार्यालयको फेसबुक पेज बाट प्राप्त गर्न सकिनेछ।)
नोटः- थप जानकरीको लागी सम्पर्क पदाअधिकारी
- अधिकृत छैठौ श्री अनिल प्रसाद गुप्ता मो. ९८५५०४९८१२

## आर्थिक चलखेलका कारण प्रहरी निरीक्षक यादवको मुद्दा दबाइदै

*गु.आ. सम्वाददाता*
*बारा, ०१ कार्तिक ।*

आर्थिक चलखेलका कारण प्रहरी निरीक्षक रबिभुषण यादवको मुद्दा दबाइदै गरीएको पाइएको छ यादव कै संरक्षणमा सिम्रौनगढ नाकाबाट तस्करी हुने गरेको प्रमाणित नै भईरहेको छ। इलाका प्रहरी कार्यालय सिम्रौनगढका प्रमुख प्रहरी निरीक्षक रबिभुषण यादव र प्रहरी सहायक निरीक्षक अमृत यादवको मिलोमतोमा तस्करी धन्दा मौलाउदै गएको बारे एक घटनाले पुष्टि गरेको छ। प्रहरी संगठनमै बदनाम मानिएका प्रहरी निरीक्षक रबिभुषण यादव इलाका प्रहरी कार्यालय सिम्रौनगढको जिम्मा पाएसँगै आर्थिक चलखेल गर्न बदनाम भएका प्रहरी सहायक हवल्दार सुरेन्द्र कलवारलाई चौथोपटक ईलाका प्रहरी कार्यालय सिम्रौनगढमा बोलाई घुमुवाको जिम्मेवारी प्रदान गरेका छन्। प्रहरी निरिक्षक यादव र घुमुवा कलवारले उक्त नाकाबाट तस्करी धन्दा गर्ने तस्कर संगठनका मुख्य नाइकेहरु संग समन्वय गर्दै तस्करी धन्दा चलाउदै आएको रहस्य बाहिरिएको छ।प्रदेश प्रहरी कार्यालय लगायत प्रहरी संगठनमै आफ्नो पहुच रहेको कारण जिल्लाका प्रमुखले केही गर्न नसक्ने हुर्की लगाउदै तस्करी धन्दा चलाउदै आएको मंगलवारको घटनाले प्रमाणित गरेको छ।मंगलबार राति करिब ८ बजेको समयमा भारतबाट अबैध तरिकाले नेपाल भित्रिदै गरेको लाखौ बराबरको कपडा स्थानीयले पक्राउ गरी स्थानीय प्रहरी चौकी कचोर्वामा खबर गरेका थिए। प्रहरी चौकी कचोर्वाका प्रमुख प्रहरी सहायक निरीक्षक अमृत यादवले खबर पाउनासाथ इलाका प्रहरी कार्यालय सिम्रौणगढका प्रमुख प्रहरी निरीक्षक रबिभुषण यादवलाई खबर गरेका थिए। तर प्रहरी निरीक्षक यादवकै आदेशमा प्रहरी सहायक निरीक्षक अमृत यादवले मोबाइल नै स्विच अफ गरेको बारे रहस्य बाहिरिएपछि प्रहरी निरीक्षकको समेत संलगन्ता भएको पुष्टि हुन्छ। स्थानीयले पक्राउ गरेको कपडा बारे जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी उपरीक्षक सुरेश प्रसाद काफ्लेलाई जानकारी हुनसाथ स्थानीय प्रहरी चौकीका प्रमुखलाई बारम्बार सम्पर्कमा आउन आदेश गरेपनि



सम्पर्कमा नआएको प्रहरी श्रोत बताउछन्। घटना स्थलमा जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको टोली पुगेपनि स्थानीय प्रहरी चौकीबाट कुनै किसिमको टोली घटना स्थलमा पुग्न नसकेको कारण प्रहरी सहायक निरीक्षक अमृत यादवलाई जिल्ला प्रहरी कार्यालय बारामा झिकाईएपनि इलाका प्रहरी कार्यालय सिम्रौणगढका प्रमुखलाई झिकाइएको छैन। घटना स्थलमा अनुगमन गर्न पुगेका पत्रकारहरु समक्ष स्थानीयहरुले दिनभर नुनाम देखिने कचोर्वा र सिम्रौनगढको नाकाबाट रातभरी तस्करी कार्य सुचारु रहेको दुखेसो पोखे। प्रहरी मात्र रकममा सिमित हुने गरेको, स्थानीयले दुखेसो पोखे। तस्करी धन्दाले मुलुकको राजस्वमा त क्षति

(बाँकी तेस्रो पेजमा)

## कलैयाको अमृता अनाथ आश्रमका २५ बालबालिका पोखरा,लुम्बिनी भ्रमणमा



*साजिर मन्सूर*
*कलैया, ०१ कातिक ।*

नेपाली कांग्रेसको भातृ सगठन नेपाल विद्यार्थी संघका केन्द्रिय सदस्य युवा नेता हरिओम साहले कलैया उपमहानगरपालिका वडा नम्बर ४ मा रहेको अमृता अनाथ आश्रमका बालबालिकाहरुलाई ३ दिनको अध्ययन भ्रमणमा लगेका छन। केन्द्रिय सदस्य साहले अहिलेको समयमा सबै जना भ्रमणमा गैरहेका बेला अनाथ बालबालिकालाई समेत देशको पर्यटकिय स्थलमा घुमाउन सके देशको भुगोल र स्थलका बारेमा बालबालिकालाई जान्ने मौका मिल्ने भएकोले आफूले यसको आयोजन गरेको बताए।केन्द्रिय सदस्य साहले भ्रमणमा गएका अनाथ बालबालिकाले पोखरा र लुम्बिनीको भ्रमण गर्ने कार्यक्रम रहेको बताए।भ्रमणमा लगभग १ लाख २५ हजारको लागत लाग्ने अनुमान रहेको साहले जानकारी गराए।यो भ्रमणक

(बाँकी तेस्रो पेजमा)